# अञ्चल/जिल्ला आयूर्वेद औषधालय/केन्द्रबाट सञ्चालन गरिने कार्यक्रम कर्यान्वयन पुस्तिका

## (आ.व. २०७६/७७)

**(मा.मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत मिति २०७६/०६/०८)**

प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

प्रदेश नं. ३

हेटौंडा, मकवानपुर, नेपाल

**विषयसूची**

१· अंचल तथा जिल्ला आयुर्वेद स्वास्थ्य संस्थाहरुको थप सेवा एवं भइरहेको सेवाको बिस्तार (मकवानपुर, धादिङ्ग, रामेछाप) ........................................................................ १

२· अंचल तथा जिल्ला आयुर्बेद स्वास्थ्य संस्थाहरुको थप सेवाको विस्तारका लागि औजार उपकरण खरीद (मकवानपुर, धादिङ्ग, रामेछाप) ........................................................ २

३· आयुर्वेद सूचना व्यवस्थापन प्रणाली सुदृढीकरणका लागि जिल्ला तथा अन्चल लाई ल्यापटप, त्ग्घ लगायत अन्य सामग्री खरीद........................................................................ ३

४· कार्यालय परिसरमा नमूना जडिबुटी उद्यान निर्माण ................................................ ३

५· जि.आ.स्वा.के/अंचल आ.औ .मा तारबार तथा कम्पाउड वाल निर्माण (धादिङ्ग, रसुवा, सिन्धुपाल्चोक) ........................................................................................ ४

६· जि.आ.स्वा.के/अंचल आ.औ.आयुर्वेद कार्यालयको लागि फर्निचर खरीद..........................५

७· अंचल तथा जिल्ला आयुर्बेद स्वास्थ्य संस्थाहरुको थप सेवाको विस्तारका लागि जनशक्ति व्यवस्थापन तथा सञ्चालन (मकवानपुर, धादिङ्ग, रामेछाप)..............................................५

८· एक घर पाँच जडिबुटी, पाँच योग, पाँच व्यवहार परिवर्तन कार्यक्रम............................. ६

९· स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक आयुर्वेद औषधि वितरण तथा प्रर्वधन कार्यक्रम ............................................................................................................ ७

१०· नगरपालिका भित्र रहेका विद्यालयमा आयुर्वेद तथा योग शिक्षा कार्यक्रम.......................८

११· नगर स्तरमा योग सम्वन्धी कार्य गर्ने संस्थासंग समन्वय र सहकार्य गरी नागरीकलाई निशुल्क योग कार्यक्रम सञ्चालन.......................................................................... ९

१२· जिल्ला भित्र रहेका स्थानीय परम्परागत स्वास्थ्यकर्मीहरुको जडीबुटी सम्बन्धि ज्ञानसीपको अभिलेखिकरण गर्ने कार्यक्रम.......................................................................... १०

१३· आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धि सूचना मूलक सामग्री प्रकाशन तथा प्रशारण.....११

१४· जिल्ला स्तरीय धन्वन्तरी जयन्ति,राष्ट्रिय तथा अन्तर्राष्ट्रिय योग दिवस मनाउने कार्यक्रम .... १२

१५· निशुल्क आयुर्वेद तथा वैकल्पिक चिकित्सा शिबिर )२ पटक ..................................१३

१६· जिल्ला स्तरीय योग तथा पंचकर्म हलको सवलीकरण (काभ्रे, सिन्धुपाल्चोक र दोलखा).....१४

१७· आयुर्वेद तथा वैकल्पिक चिकित्साका नीजी स्वास्थ्य संस्थाहरुको लगत तयार, अनुगमन, मूल्यांकन.....................................................................................१४

१८· जिल्लाबाट औषधालय निरीक्षण, अनुगमन तथा मूल्याङ्कन.......................................१५

१९· अति आवश्यक आयुर्वेद औषधि खरीद तथा ढुवानी) आयुर्वेद स्वास्थ्य केन्द्र / औषधालयका लागि.......................................................................................................१६

२१· ट्राफिक प्रहरीलाई प्रदुषणबाट उत्पन्न स्वास्थ्य समस्या न्यूनीकरण (नश्यर्कर्म कार्यक्रम)....१८

**कार्यक्रम सञ्चालन गर्दा मूलतः कार्यालय प्रमुख, लेखा प्रमुख, फोकल पर्सनले ध्यान दिनुपर्ने महत्वपूर्ण कुराहरू**

१. हरेक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु पूर्व यस पुस्तिका राम्ररी अध्ययन गर्नुपर्दछ ।

२. कार्यक्रम सञ्चालन गर्दा यस पुस्तिका अनिवार्य रूपमा पालना गर्नुपर्दछ ।

३. यस पुस्तिकामा उल्लेखित कुराहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका फोकल पर्सनको हुनेछ ।

४. कार्यक्रम शुरू गर्नु पूर्व कार्यक्रम सञ्चालन प्रकृया, अनुमानित खर्च, सहभागी तथा स्रोत व्यक्ति, सहजकर्ता विवरण, कार्यक्रम सञ्चालन हुने स्थान र मिति उल्लेखित टिप्पणी आदेश स्वीकृत भए पश्चात कार्यक्रम सञ्चालन गर्नु गराउनु पर्दछ।

५. यस पुस्तिकामा अन्यत्र जेसुकै लेखिएको भएतापनि स्वीकृत वार्षिक कार्यक्रमहरू सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रही सार्वजानिक खरीद ऐन २०६३, सार्वजानिक खरीद नियमावली २०६४ (संसोधन २०७६/०१/३०) अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७५, भ्रमण खर्च नियमावली २०६४ (कुनै ऐन, नियमावली, कार्यविधि, निर्देशिका संसोधन भए, प्रचलित) साथै सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता सम्बन्धी कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ समेत अनुशरण गर्नुपर्दछ।

**नोटः प्रदेश सरकार, प्रदेश नं.३ को आर्थिक ऐन, नियमावली, कार्यविधि स्वीकृत भएपश्चात सोहि वमोजिम खर्च वाडफाड गरि कार्य संचालन गर्नुपर्नेछ ।**

६. कार्यक्रमको भौतिक तथा वित्तिय प्रगति मासिक, चौमासिक र वार्षिक रुपमा स्वास्थ्य निर्देशनालय र सामाजिक विकास मन्त्रालय पठाउनुपर्नेछ।

**१· अंचल तथा जिल्ला आयुर्वेद स्वास्थ्य संस्थाहरुको थप सेवा एवं भइरहेको सेवाको बिस्तार (मकवानपुर, धादिङ्ग, रामेछाप)**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| ११.१.३.२ | ३११११३ | १ | पटक | १५०० | दोश्रो, तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | आयुर्वेद स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने सेवा थप गरी गुणस्तरीय आयुर्वेद चिकित्सा सेवाप्रदान गर्न आवश्यक पूर्वाधार विकास र पुँजिगत सुधार गर्ने । |
| सञ्चालन प्रक्रिया | १. संघिय आयुर्वेद तथा बैकल्पिक चिकित्सा विभाग, सामाजिक विकास मन्त्रालय तथा स्वास्थ्य निर्देशनालयको समन्वय तथा प्राविधिक सहयोगमा आयुर्वेद संस्थाका कर्मचारीहरु बैठक समेत बसेर प्रत्येक थप सेवाको सूची तयार गर्ने र विस्तृत कार्ययोजना तयार गर्ने ।<br>२. कार्ययोजना स्वीकृतीका लागि प्रथम चौमासिकमा नै मन्त्रालय पठाउने ।<br>३. स्वीकृत कार्ययोजना अनुसार बजेटको परिधिभित्र रही पूर्वकर्म(स्नेहन, स्वेदन, अभ्यङ्ग , शिरोधारा), पञ्चकर्म, नस्यकर्मषट्कर्म ,(नेती आदि) ,क्षारसूत्र ,नियमित योग ,फिजियोथेरापी, ल्याब लगायतका सेवा विस्तार गर्नको लागि आवश्यक पूर्वाधारको विस्तृत योजना बनाउने ।<br>४. आयूर्वेद स्वास्थ्य केन्द्रमा मौजुदा जनशक्ति समेतलाई ध्यान दिई थप सेवाको लागि आवश्यक पूर्वाधार तयार गर्न लगत स्टीमेट तयार गर्ने ।<br>५. पुर्वाधार निर्माणको मापदण्ड स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी गरीएको स्वास्थ्य सञ्चालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका २०७० (संशोधन सहित) लाई आधार लिन सकिनेछ ।<br>६. योजना बमोजिम सेवा सञ्चालनका लागि नियमानुसार पूर्वाधार निर्माण गर्ने ।<br>७. सेवा सञ्चालन गर्ने । |
| बजेट बाँडफाँड | सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४(संसोधन) अनुसार खरीद गरी व्यबस्थापन गर्ने । |
| अपेक्षित उपलव्धी | सेवा विस्तारको लागि चाहिने पूर्वाधार तयार हुने |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न भए पश्चात प्रतिवेदन चौमासिक रुपमा सामाजिक विकास मन्त्रालयमा र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ। |

## २· अंचल तथा जिल्ला आयुर्बेद स्वास्थ्य संस्थाहरुको थप सेवाको विस्तारका लागि औजार उपकरण खरीद (मकवानपुर, धादिङ्ग, रामेछाप)

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| ११.३.९.१९ | ३११२२ | १ | पटक | १००० | दोश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | सेवा विस्तार गरी थप सेवा प्रदान गर्न चाहिने औजार उपकरण खरीद गरी सेवा प्रवाह सहज र प्रभावकारि बनाउने |
| सञ्चालन प्रक्रिया | १. आयुर्वेद संस्थाका कर्मचारीहरु बैठक बसेर प्रत्येक थप सेवाको लागि आवश्यक पर्ने औजार उपकरणको एकीन गरी सूची तयार गर्ने र विस्तृत कार्ययोजना तयार गर्ने ।<br>२. आवश्यक पर्ने औजार उपकरणको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी गरीएको स्वास्थ्य सञ्चालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका २०७० (संशोधन सहित) लाई आधार लिन सकिनेछ ।<br>३. कार्ययोजना स्वीकृतीका लागि प्रथम चौमासिकमा नै मन्त्रालय पठाउने ।<br>४. खरीद योजना बनाउने ।<br>५. स्वीकृत कार्ययोजना अनुसार औजार उपकरणको स्पेसिफिकेसन तथा ल·ई· तयार गर्ने ।<br>६. सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४(संसोधन) अनुसार खरीद गरी व्यबस्थापन गर्ने ।<br>७. खरीद गरीएका औजार उपकरणहरुको दाखिला लगायतका अभिलेख अद्यावधिक गरीराख्ने ।<br>८. सेवा सञ्चालन गर्ने ।<br>९. सेवा सञ्चालनको जानकारी मन्त्रालयमा पठाउने । |
| बजेट बाँडफाँड | सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४(संसोधन) अनुसार खरीद गरी व्यबस्थापन गर्ने । |
| अपेक्षित उपलव्धी | सेवा विस्तार गर्न तथा थप सेवा प्रदान गर्न आवश्यक औजार उपकरणको उपलब्धताले सेवा प्रवाह सहज, प्रभावकारी एवं गुणस्तरीय हुने |
| अनुगमन र मुल्याङ्कन | स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन चौमासिकरुपमा स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ |

### ३· आयुर्वेद सूचना व्यवस्थापन प्रणाली सुदृढीकरणका लागि जिल्ला तथा अन्चल लाई ल्यापटप, LCD लगायत अन्य सामग्री खरीद

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| ११.३.९.२१ | ३११२२ | १ | पटक | १२५ वा १५० | दोश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | ल्यापटप, LCD प्रोजेक्टर लगायतका अन्य आवश्यक विद्युत्तिय उपकरणहरु उपलब्धता गराई आयुर्वेद स्वास्थ्य संस्थामाकार्यसञ्चालन तथा सूचना व्यवस्थापन प्रणाली सुदृढीकरण गर्न। |
| सञ्चालन प्रक्रिया | १. आयुर्वेद संस्थाका कर्मचारीहरु बैठक बसेर कार्यालयको लागि आवश्यक पर्ने ल्यापटप, LCD लगायतका विद्युतीय उपकरणको सूची तयार गर्ने ।<br>२. ती सामाग्रीहरुको मन्त्रालयले निर्धारण गरेको Specification अनुसार सार्वजनिक खरीद ऐन र नियमावली बमोजिम खरीद गर्ने । Specification अनुसुचीमा राखिएको छ ।<br>३. खरीद गरीएका औजार उपकरणहरुको दाखिला लगायतका अभिलेख अद्यावधिक गरीराख्ने ।<br>४. खरीद गरीएका औजार उपकरण सञ्चालनमा ल्याई सेवा प्रभावकारी बनाउने । |
| बजेट बाँडफाँड | सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४(संसोधन) अनुसार खरीद गरी व्यबस्थापन गर्ने । |
| अपेक्षित उपलव्धी | आवश्यक औजार उपकरणको उपलब्धताले सेवा प्रवाह सहज, प्रभावकारी एवं गुणस्तरीय हुने । |
| अनुगमन र मुल्याङ्कन | स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन चौमासिकरुपमा स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ |

### ४· कार्यालय परिसरमा नमूना जडिबुटी उद्यान निर्माण

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| ११.४.१७.१ | ३११५७ | १ | पटक | २५ | दोश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | नमूना जडिबुटी उद्यान निर्माण गरी नागरीकलाई जडिबुटीमा अभिप्रेरित गर्ने तथा अध्ययन अनुसन्धानलाई सहयोग गर्नु । |
| सञ्चालन प्रक्रिया | १. नमूना जडिबुटी उद्यान निर्माण गर्ने स्थान र हावापानी सुहाउँदो न्यूनतम १० वटा औषधीय वनस्पतिको छनौट गर्ने ।<br>२. स्थान नभएको संस्थामा न्यूनतम १० वटा जडीबुटी गमलामा रोप्ने तथा न्यूनतम २० वटा जडीबुटीको हर्बेरियम निर्माण गर्ने । |

| | |
|---|---|
| | ३. यदि आवश्यक परेमा जिल्ला स्थित वन कार्यालयको प्राविधिकवाट आवश्यक प्राविधिक सहयोग लिने। <br>४. निर्माण गरीएको जडिबुटी उद्यानलाई सधै सफा, हराभरा र व्यवस्थित गरी राख्ने । |
| **बजेट बाँडफाँड** | सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४(संसोधन) अनुसार व्यबस्थापन गर्ने । |
| **अपेक्षित उपलव्धी** | कार्यालय परिसर भित्रको खाली स्थानमा वा गमलामा नमूनाको रुपमा जडिबुटी उद्यान निर्माण तथा हर्बेरियम तयार भई जनचेतना तथा अध्ययन अनुसन्धानलाई सहयोग पुग्ने । |
| **अनुगमन र मुल्याङ्कन** | स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| **प्रतिवेदन प्रणाली** | क्रियाकलाप सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन चौमासिकरुपमा स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ |

## ५· जि.आ.स्वा.के/अंचल आ.औ .मा तारबार तथा कम्पाउड वाल निर्माण (धादिङ्ग, रसुवा, सिन्धुपाल्चोक)

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| ११.२.२२.१ | ३११५९ | १ | पटक | ५०० | दोश्रो |

| शीर्षक | विवरण |
|---|---|
| **उद्देश्य** | जि.आ.स्वा.के./अंचल आ.औ.मा तारवार तथा कम्पाउण्ड वाल निर्माण गरी सुरक्षा प्रदान गर्ने । |
| **सञ्चालन प्रक्रिया** | १. कार्यालय परिसरको जग्गा यकिन गर्ने । <br>२. प्राविधिकबाट लागत स्टेमेट तयार गर्ने । <br>३. सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४(संसोधन) अनुसार संझौता गरी कार्यसम्पन्न गर्ने । <br>४. निर्मित तारवार तथा वालको नियमित रेखदेख गर्ने । |
| **बजेट बाँडफाँड** | सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४(संसोधन) अनुसार कार्ययोजना कार्यालय प्रमुखबाट स्वीकृत गरी गर्ने । |
| **अपेक्षित उपलव्धी** | तारवार तथा कम्पाउण्ड वाल निर्माण सम्पन्न भई संस्थाको जग्गा संरक्षण भई कार्यालय सुरक्षा समेत प्राप्त हुने । |
| **अनुगमन र मुल्याङ्कन** | स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |

| प्रतिवेदन प्रणाली | क्रियाकलाप सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन चौमासिकरुपमा स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ |
|---|---|

## ६. जि.आ.स्वा.के/अंचल आ.औ.आयुर्वेद कार्यालयको लागि फर्निचर खरीद

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| ११.६.१३.४ | ३११२३ | १ | पटक | १०० | दोश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | आवश्यक फर्निचर खरीद गरी कार्यालयको कामकाजलाई सहज र प्रभावकारी बनाउने । |
| सञ्चालन प्रक्रिया | १. आयुर्वेद संस्थाका कर्मचारीहरु बैठक बसेर कार्यालयको लागि आवश्यक पर्ने फर्निचरको सूची तयार गर्ने ।<br>२. ती सामाग्रीहरुको स्पेसीफिकेसन तयार गर्ने ।<br>३. सार्वजनिक खरीद ऐन र सार्वजनिक 2063खरीद को परिधी भित्र रही 2064 नियमावली तोकिएका सामाग्री खरीद गर्ने।<br>४. खरीद गरीएका सामाग्रीको दाखिला लगायतका अभिलेख अद्यावधिक गरीराखे ।<br>५. खरीद गरीएका सामाग्रीहरु सञ्चालनमा ल्याई सेवा प्रभावकारी बनाउने । |
| बजेट बाँडफाँड | सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४(संसोधन) अनुसार खरीद गरी व्यबस्थापन गर्ने । |
| अपेक्षित उपलव्धी | कार्यालयको लागि आवश्यक फर्निचरहरु प्राप्त भई कार्य संचालन सहज र प्रभावकारी हुने । |
| अनुगमन र मुल्याङ्कन | स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन चौमासिकरुपमा स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ |

## ७. अंचल तथा जिल्ला आयुर्बेद स्वास्थ्य संस्थाहरुको थप सेवाको विस्तारका लागि जनशक्ति व्यवस्थापन तथा सञ्चालन (मकवानपुर, धादिङ्ग, रामेछाप)

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.७.२२.४० | २२५२२ | ५ | पटक | १५०० | पहिलो,दोस्रो, तेस्रो |

| शीर्षक | विवरण |
|---|---|

| | |
|---|---|
| **उद्देश्य** | सम्बन्धित आयुर्वेद संस्थाको सेवा विस्तार एवं थप सेवा प्रदान गर्नको लागि तत् तत् विषयका दक्ष जनशक्ति व्यवस्थापन भई सेवा प्रवाह सुचारु हुने । |
| **सञ्चालन प्रक्रिया** | १. आयुर्वेद संस्थाका कर्मचारीहरु बैठक बसेर प्रत्येक थप सेवाको लागि आवश्यक पर्ने जनशक्तिहरु तथा सामाग्रीहरु पहिचान गरी सूची तयार गर्ने र विस्तृत कार्ययोजना बनाउने ।कार्ययोजना स्वीकृतीका लागि प्रचम चौमासिकमा मन्त्रालयमा पठाउने ।स्वीकृत कार्ययोजना अनुसार जनशक्ति(पञ्चकर्म विज्ञल्याब ,क्षारसूत्र विज्ञ ,योग प्रशिक्षक , टेक्निसियन/ असिस्टेन्टक ,कार्यालय सहयोगी आदि )हरु सूचीकृत गर्ने र नियमानुसार सूचना प्रकाशित गरी सेवा करारमा नियुक्ति गर्ने ।<br>२. सेवा विस्तारका लागि आवश्यक जनशक्तिका सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी गरीएको स्वास्थ्य सञ्चालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका २०७० (संशोधन सहित) लाई आधार लिन सकिनेछ ।<br>३. सेवा सञ्चालन गर्ने ।<br>४. सेवासंग सम्बन्धित अन्य दैनिक आवश्यक पर्ने सामाग्रीको व्यवस्थापन यसै खर्चबाट गर्नुपर्छ ।<br>५. सेवा सञ्चालन शुरु भएको जानकारी निर्देशनालय तथा मन्त्रालयलाई पठाउने ।<br>६. यो कार्यक्रमको बजेट दोश्रो चौमासिकमा भए तापनि प्रक्रिया प्रथम चौमासिकबाट शुरु गर्नुपर्नेछ । |
| **बजेट बाँडफाँड** | सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४(संसोधन) अनुसार खरीद गरी व्यबस्थापन गर्ने । |
| **अपेक्षित उपलव्धी** | सेवा विस्तार गर्न तथा थप सेवा प्रदान गर्न आवश्यक जनशक्ति तथा सामाग्रीको व्यवस्थापनले सेवा प्रवाह सहज, प्रभावकारी एवं गुणस्तरीय हुने |
| **अनुगमन र मुल्याङ्कन** | स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| **प्रतिवेदन प्रणाली** | क्रियाकलाप सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन चौमासिकरुपमा स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ |

## ८· एक घर पाँच जडिबुटी, पाँच योग, पाँच व्यवहार परिवर्तन कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.७.२२.४१ | २२५२२ | १ | पटक | ७० | दोश्रो |

| शीर्षक | विवरण |
|---|---|
| **उद्देश्य** | जडिवुटीको उपयोगीता, महत्व र प्रयोग वारे जानकारी दिई जडिवुटिको संरक्षण गर्नुको साथै |

| | |
|---|---|
| | प्रत्येक घरले कम्तिमा ५ जडिवुटी प्रयोग गर्ने र रोप्ने, नियमित पाँच योग (आसन/ प्राणायाम) गर्ने र पाँच व्यवहार परिवर्तन गरी स्वस्थ जीवनशैली अपनाउन प्रेरित गर्ने । |
| **सञ्चालन प्रक्रिया** | १. आयुर्वेद संस्थाका कर्मचारीहरु, पालिकाका स्वास्थ्य संयोजकहरु तथा विषयसँग सम्बन्धित विज्ञहरुसँग पूर्व तयारी बैठक बसेर यस कार्यक्रम लागू गर्ने वार्ड छनौट गरी स्थानीय पाँच जडीबुटी पहिचान गर्ने, संभावित पाँच योग र पाँच व्यवहार परिवर्तनका विषयहरुमा छलफल गर्ने ।<br>२. जिल्ला भित्रका स्थानीय तहका जनप्रतिनिधीहरु,शिक्षण संस्थाका प्रतिनिधिहरु, महिला स्वास्थ्य स्वयंसेविकाहरु, आमा समूह, नागरीक समाज आदि व्यक्तित्वहरुलाई सहभागी गराई पाँच जडीबुटी, पाँच योग र पाँच व्यवहार परिवर्तन कार्यक्रमलाई अभियानको रुपमा लैजाने ।<br>३. जडीबुटीको महत्व, प्रयोग तथा सामान्य खेती गर्ने तरिका, योग एवं व्यवहार परिवर्तनको विषयमा अभिमुखीकरण गर्ने र आ- आफ्नो क्षेत्र ( टोल, समाज, विद्यालय आदि) मा जडीबुटी रोप्न, योग सिक्न र सिकाउन तथा स्वस्थ व्यवहार अपनाउन प्रेरित गर्ने ।<br>४. यस कार्यक्रममा संलग्न व्यक्तिहरुको नामावली संकलन गरी सूची तयार गर्ने र समय समयमा अनुगमन निरीक्षण गर्ने । |
| **बजेट बाँडफाँड** | विस्तृत कार्ययोजना तयार गरी प्रचलित ऐन, नियमानुसार बजेट बाँडफाँड गरी स्ञचालन गर्ने । |
| **अपेक्षित उपलव्धी** | जडिवुटीको उपयोगीता, महत्व र प्रयोग वारे जानकारी भई ५ जडिवुटी, पाँच योग (आसन/ प्राणायाम) गर्ने र पाँच व्यवहार परिवर्तन गरी स्वस्थ जीवनशैली अपनाउन सहयोग पुग्ने । |
| **अनुगमन र मुल्याङ्कन** | स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| **प्रतिवेदन प्रणाली** | क्रियाकलाप सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन चौमासिकरुपमा स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ |

## ९· स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक आयुर्वेद औषधि वितरण तथा प्रर्वधन कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.७.२२.४३ | २२५२२ | १ | पटक | जिल्ला अनुसार | प्रथम, दोश्रो, तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| **उद्देश्य** | १. आमा र बच्चाको स्वास्थ्य सुधार गर्ने तथा कुपोषणजन्य रोगबाट बचाउने ।<br>२. स्तनपानको महत्वबारे स्तनपायी महिलाहरूलाई जनचेतनामूलक स्वास्थ्य शिक्षा प्रदान गर्ने । |

| | |
|---|---|
| **सञ्चालन प्रक्रिया** | १. जिल्लामा रहेको जिल्ला अस्पताल वा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र रहेको स्थानीय तहमा रहेको अस्पतालसंग समन्वय गरी ६ महिना भित्रका स्तनपायी आमाहरुलाई लक्षीत गरी यो कार्यक्रम संचालन गर्ने ।<br>२. अस्पतालमा प्रसुती हुने सुत्केरी महिलाको पर्याप्त दूध बढाउन शतावरी (कुरिलो चूर्ण) निर्माण गरी वा खरीद गरी वितरण गर्ने साथै मातृशिशु स्वास्थ्य र स्तनपानको महत्व बुझाउन खोप केन्द्रमा आमाहरुसंग अन्तरक्रिया गर्ने ।<br>३. कार्यक्रममा सहभागी भएका आमा तथा शिशुको पोषण अवस्थामा आएको सुधारको सम्बन्धमा छलफल गर्ने र अभिलेखिकरण गर्ने ।<br>४. कार्यक्रमको विस्तृत कार्ययोजना कार्यालय प्रमुखबाट स्वीकृत गरी सञ्चालन गर्ने । |
| **बजेट बाँडफाँड** | कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिम खर्च गर्नुपर्नेछ ।<br>• दुग्धबर्धक आयुर्वेद औषधिका लागि कूल बजेटको ७५ प्रतिशत<br>• अन्तरक्रिया लगायतका प्रवर्धनात्कम कार्यका लागि कूल बजेटको २५ प्रतिशत |
| **अपेक्षित उपलव्धी** | स्तनपायि आमाको दूग्ध उत्पादनमा वृद्धि भई शिशु र आमाको स्वास्थ्यमा सुधार हुने । |
| **अनुगमन, मुल्याङ्कन** | स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| **प्रतिवेदन प्रणाली** | क्रियाकलाप सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन चौमासिकरुपमा स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ |

## १०. नगरपालिका भित्र रहेका विद्यालयमा आयुर्वेद तथा योग शिक्षा कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.४४ | २२५२२ | १ | पटक | जिल्ला अनुसार | दोश्रो |

| शीर्षक | विवरण |
|---|---|
| **उद्देश्य** | विद्यालय स्तरबाट आयूर्वेद तथा योग शिक्षा प्रदान गरी स्वस्थ्य जिवनशैली अपनाउन प्रेरित गर्ने। |
| **सञ्चालन प्रक्रिया** | १. जिल्लाको नगरपालिकामा रहेका सरकारी माध्यामिक विद्यालयको सूची तयार गर्ने ।<br>२. बजेटको परिधिभित्र रहि सकेसम्म सवै सरकारी माध्यामिक विद्यालयमा पुग्ने गरी कार्यक्रमको योजना गर्ने । नगरपालिका नभएको जिल्ला भएका गाउँपालिकामा सञ्चालन गर्ने ।<br>३. विद्यालयको ८, ९ र १० कक्षामा उद्देश्यमा उल्लेख भए बमोजिमका विषयवस्तुहरु समेटेर ४५ मिनटको कम्तिमा दुई वटा सैद्दान्तिक कक्षा सञ्चालन गर्ने ।<br>४. आयूर्वेद स्वास्थ्य केन्द्र रहेको नगरपालिकाको सरकारी माध्यामिक विद्यालयमा शिक्षकहरुको |

| | |
|---|---|
| | समेत सहभागितामा योग प्रशिक्षकद्वारा हप्ताको २ पटक प्रयोगात्मक कक्षा सञ्चालन गर्ने ।<br>५. विद्यार्थी र शिक्षकद्वारा आ-आफ्ना कक्षामा अन्य विद्यार्थीहरुलाई अभ्यास गराउन प्रोत्साहित गर्ने र सो को लागि नियमित समय छुट्याउन पहल गर्ने । |
| **अपेक्षित उपलव्धी** | विद्यालय तह देखि नै आयूर्वेद तथा योग शिक्षा पाई स्वस्थ्य जिवनशैली अपनाउन प्रेरित हुने। |
| **अनुगमन, मुल्याङ्कन** | स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| **प्रतिवेदन प्रणाली** | क्रियाकलाप सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन चौमासिक रुपमा स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ |
| **सन्दर्भ सामाग्री(भएमा)** | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत स्थानीय तहबाट सञ्चालन गरीने कार्यक्रमहरुको कार्य सञ्चालन मार्गदर्शन २०७५/२०७६, स्वास्थ्य निर्देशनालय, प्रदेश नं. ३ ले आ.व. ०७५/०७६ मा निर्माण गरेको विद्यालय आयुर्वेद तथा योग शिक्षा प्याकेज |

## ११· नगर स्तरमा योग सम्वन्धी कार्य गर्ने संस्थासंग समन्वय र सहकार्य गरी नागरीकलाई निशुल्क योग कार्यक्रम सञ्चालन

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.७.२२.४५ | **२२५२२** | **१** | **पटक** | **जिल्ला अनुसार** | **दोश्रो** |

| शीर्षक | विवरण |
|---|---|
| **उद्देश्य** | योग सम्बन्धी कार्य गर्ने संस्थासँग समन्वय र सहकार्य गरी नागरीकलाई नियमित योग र स्वस्थ जीवनशैली अपनाउन अभिप्रेरित गर्ने । |
| **सञ्चालन प्रक्रिया** | १. जिल्ला स्थित योग सम्बन्धी कार्य गर्ने संस्थाहरुको सूची तयार गर्ने<br>२. आयुर्वेद संस्थाका कर्मचारी, योग सम्बन्धी कार्य गर्ने संस्थाहरु, पालिकाको स्वास्थ्य शाखाका प्रतिनिधि, नागरीक समाज, आमा समूह तथा अन्य सरोकारवाला निकाय सँग बैठक बसी नागरीकलाई बिहान नियमित योग सञ्चालन गर्न स्थान छनौट, समय निर्धारण तथा अन्य व्यवस्थापन सम्बन्धी निर्णय गर्ने ।<br>३. स्थानीय तहको समेत सहयोगमा योगको लागि आवश्यक म्याट खरीद गर्ने<br>४. बैठकले तोके बमोजिमको स्थान र समयमा प्रत्येक दिन नागरीकहरुलाई योगको उपयोगिता बारेमा जानकारी सहित अभ्यास गराउने तथा आयुर्वेदमा उल्लेख भए अनुसारको स्वस्थकर आहार विहार र आचारको बारेमा जानकारी दिने ।<br>५. बजेटको परिधिभित्र रहेर अमृत चिया, शिलाजित वा अन्य स्वस्थकर आहार दिने ।<br>६. प्रत्येक सेवाग्राहीको अभिलेख राख्ने ।<br>७. हप्ताको एक पटक यस कार्क्रमका सहभागीहरुको रक्तचाप,तौल मापन गरी अभिलेख राख्ने ।<br>८. स्वास्थ्यमा आएको विशेष परिवर्तन भएमा त्यसको समेत अभिलेख राख्ने । |
| **अपेक्षित उपलव्धी** | नियमित योग अभ्यासले नागरीकहरुको स्वास्थ्य प्रवर्धन तथा नसर्ने रोगहरुको रोकथाममा |

| | |
|---|---|
| | सहयोग पुग्ने । |
| **अनुगमन, मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयले कार्यक्रम सम्पन्न प्रतिवेदन र फिल्ड अनुगमनको आधारमा |
| **प्रतिवेदन प्रणाली** | क्रियाकलाप सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन चौमासिक रुपमा स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ |

## १२· जिल्ला भित्र रहेका स्थानीय परम्परागत स्वास्थ्यकर्मीहरुको जडीबुटी सम्बन्धि ज्ञानसीपको अभिलेखिकरण गर्ने कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.७.२२.४८ | **२२५२२** | २ | **पटक** | **जिल्ला अनुसार** | **दोश्रो, तेश्रो** |

| शीर्षक | विवरण |
|---|---|
| **पृष्ठभूमि** | परम्परागत स्वास्थ्यकर्मीहरुका रुपमा समूदाय विशेषमा विभिन्न नामले चिनिने र हाम्रा गाँउघरहरुमा छरिएर रहेका परम्परागत स्वास्थ्यकर्मीहरु(धामी झाँक्री, गुरुवा, झारफुक, आम्ची) ले जडिवुटीको प्रयोगवाट स्वास्थ्य प्रवर्धन, सुधार तथा रोकथामको क्षेत्रमा महत्वपूर्ण योगदान दिदै आएका छन्।नेपालमा यिनीहरुको संख्या एकिन नभएता पनि यिनीहरुको ग्रामिण समूदायमा क्रियशिलता रहेको पाइन्छ।गाँउघरमा सजिलै, जुनसुकै समयमा सेवा दिने तुरुन्त उपलब्ध हुने भएकोले उनिहरुको समुदायमा राम्रो पकड देखिएको छ।ग्रामिणका मानिसहरुले जस्तोसुकै खालका स्वास्थ्य समस्या देखिएमा सवै भन्दा पहिले यिनै परम्परागत स्वास्थ्यकर्मीहरुसंग सेवा लिने गरेको पाईन्छ।तसर्थ उनिहरुले प्रयोग गरीरहेका जडिवुटीहरुको पहिचान गर्न तथा समूदायलाई दिने स्वास्थ्य सेवाको ज्ञानसीपबारे छलफल गरी अभिलेखकरण गर्न यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | समूदायमा रहेको स्थानीय परम्परागत स्वास्थ्यकर्मीहरु र आयुर्वेद तथा वैकल्पिक चिकित्सासंग सम्वन्धित स्वास्थ्य संस्थाहरूको सूची तथा उपचारमा प्रयोग गर्ने प्रमुख जडिवुटी र ज्ञान सीपको लगत संकलन गरी अभिलेखिकरण गर्ने । |
| **सञ्चालन प्रक्रिया** | १. सामाजिक बिकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय तथा अन्य सरोकारवाला निकायहरुसँग समन्वय बैठक बसी यस कार्यक्रमको कार्य योजना तथा अभिलेखिकरण गर्ने विभिन्न बुँदाहरु सहितको चेकलिष्ट तयार गर्ने ।<br>२. जिल्ला स्थित आयुर्वेद संस्थासँग सहकार्य गरी प्रत्येक गाऊँपालिका/नगरपालिकामा रहेका परम्परागत स्वास्थ्यकर्मीहरुको पहिचान गरी नाम, ठेगाना, सम्पर्क नं सहितको सूची तयार गर्ने ।<br>३. बजेटको परिधि रहेर परम्परागत स्वास्थ्यकर्मीहरुसँग चेकलिष्ट अनुसार छलफल, अन्तर्वार्ता गर्ने र आएका ज्ञान सीपका कुराहरुलाई अभिलेखिकरण गर्ने । |

| | |
|---|---|
| | ४. आवश्यकता अनुसार कविराज, वैद्यलाई प्रयोग गर्न सकिनेछ ।<br>५. संकलित विवरण सहितको अभिलेख प्रतिवेदन तयार गर्ने र एक प्रति निर्देशनालय तथा मन्त्रालयमा पठाउने । |
| **बजेट बाँडफाँड** | स्वीकृत बजेटको परिधिभित्र रहि बजेट बाँडफाँड गरी कार्यालय प्रमुखबाट स्वीकृत गरी कार्यक्रम संचालन गर्ने। सम्पूर्ण कार्यहरू आर्थिक ऐन तथा नियमावली र कार्यविधि बमोजिम गर्नुपर्ने छ । |
| **अपेक्षित उपलब्धी** | यस कार्यक्रमबाट परम्परागत स्वास्थ्यकर्मीहरुको संख्या, नामावलीको सूची, उनिहरुको ज्ञान, सीप तथा स्वास्थ्य सम्वन्धि विविध विषयका साथै जडिवुटीको प्रयोग, महत्व, संरक्षण र औषधोपयोगी जडीबुटिहरुको अभिलेखिकरण हुने । |
| **अनुगमन, मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयले कार्यक्रम सम्पन्न प्रतिवेदन र फिल्ड अनुगमनको आधारमा । |
| **प्रतिवेदन प्रणाली** | क्रियाकलाप सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन चौमासिक रुपमा स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ |

## १३· आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धि सूचना मूलक सामग्री प्रकाशन तथा प्रशारण

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.७.२२.४९ | २२५२२ | १ | पटक | जिल्ला अनुसार | दोश्रो, तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| **उद्देश्य** | आयुर्वेद विषय समेटिएको सन्देश उत्पादन , प्रशारण तथा प्रकाशन गरी नागरीकलाई स्वस्थ जीवनशैली अपनाउन अभिप्रेरित गर्न। |
| **सञ्चालन प्रक्रिया** | १. जिल्लामा रहेका रेडियो, एफ एम तथा नियमित प्रकासन हुने पत्रिकाको सूची तयार गर्ने ।<br>२. सामाजिक बिकास मन्त्रालय, स्वास्थ्य निर्देशनालयको समन्वय तथा सहकार्यमा प्रकाशन प्रशारण गर्नुपर्ने सूचनाहरुको एकीन गरी संन्देश तयार पार्ने ।<br>३. उक्त संदेशमा आयुर्वेद संस्थाहरुको विवरण, प्रदान गरीने सेवाहरु, स्वस्थ जीवनशैली सँग सम्बन्धित आयुर्वेद तथा बैकल्पिक चिकित्साका विभिन्न विषयवस्तुहरु आदि समावेश गर्नुपर्ने ।<br>४. कुन कुन प्रकारको सूचना निर्माण गर्ने हो सो यकिन गरी विस्तृत कार्ययोजना तयार गरी स्वीकृत गरी सञ्चालन गर्ने ।<br>५. सूचना तथा संदेशहरुलाई स्थानीय पत्रिकामा वा फ्लेक्स, क्यालेन्डर, आदि प्रकाशन गर्ने एवं रेडियो, एफ.एम., मार्फत प्रशारण गर्ने । ।साथै केन्द्र तथा प्रदेशबाट निर्माण भएका सन्देशहरु समेत आवश्यकता अनुसार प्रशारण गर्न सकिनेछ ।<br>६. प्रकाशित सूचना संचारका सामाग्रीहरु सम्बन्धित स्वास्थ्य संस्थाहरुमा वितरणका लागि पठाउने ।<br>७. तयार गरीएको सूचना, संचारका सामाग्रीहरुको एक एक प्रति सहित प्रतिवेदन मन्त्रालय |

| | |
|---|---|
| | पठाउने । |
| बजेट बाँडफाँड | प्रचलित आर्थिक ऐन र नियमअनुसार बजेटको परिधिभित्र रहि सूचना संचारको सामाग्री निमार्ण, प्रशारण, प्रकासनको खर्च योजना बनाई स्वीकृत गरी कार्यक्रम गर्ने । |
| | स्वास्थ्य सन्देश मार्फत जनचेलना अभिवृद्धि भई आयुर्वेद तथा बैकल्पिक चिकित्सा सेवाको उपभोग बढ्ने तथा स्वस्थ जीवनशैली व्यतीत गर्न प्रेरित हुने |
| **अनुगमन, मुल्याङ्कन** | निर्देशनालय र सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| **प्रतिवेदन प्रणाली** | क्रियाकलाप सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन चौमासिक रुपमा स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ |

## १४· जिल्ला स्तरीय धन्वन्तरी जयन्ति,राष्ट्रिय तथा अन्तर्राष्ट्रिय योग दिवस मनाउने कार्यक्रम

| **PLMBIS Code** | **खर्च शीर्षक** | **लक्ष्य** | **इकाई** | **विनियोजित रकम (रू. हजारमा)** | **समय अवधि (चौमासिक)** |
|---|---|---|---|---|---|
| २.७.२२.५० | **२२५२२** | २ | **पटक** | **जिल्ला अनुसार** | **दोश्रो, तेश्रो** |

| **शीर्षक** | **विवरण** |
|---|---|
| **उद्देश्य** | आयूर्वेद स्वास्थ्य सम्बन्धि महत्वपूर्ण धन्वन्तरी तथा योग दिवस बारेमा बहस पैरवी गरी जनचेतना अभिवृद्धी गर्ने । |
| **सञ्चालन प्रक्रिया** | १. धन्वन्तरी जयन्ती भन्दा कम्तीमा १५ दिन अघि जिल्ला स्थित सरोकारवालासग समन्वय बैठक वसी के कस्ता कार्यक्रम गर्ने हो तय गर्ने ।<br>२. सरोकारवाला सबैको सहभागिता हुने गरी धन्वन्तरी जयन्ती मनाउने ।<br>३. प्रत्येक वर्ष माघ १ गते र June 21 मा राष्ट्रीय योग दिवस र अन्तराष्ट्रीय योग दिवस पर्छ । ती दिवस भन्दा कम्तीमा १५ दिन अघि जिल्ला स्थित सरोकारवालासग समन्वय बैठक वसी के कस्ता कार्यक्रम गर्ने हो तय गर्ने ।<br>४. ती दिवसहरुमा चिकित्सकीय योगाभ्यास Therapeutic Yoga सहित सर्बसाधारणको उल्लेख्य सहभागीता हुन सक्ने उपयुक्त स्थान छनौट गरी कार्यक्रम सञ्चालन गर्ने । ।<br>५. कार्यक्रमको तस्वीर सहितको प्रतिवेदन तयार गर्ने ।<br>नोटः बजेट दोश्रो चौमासिकमा भए तापनि धन्वन्तरी जयन्ती मनाउन वाधा पर्ने छैन । |
| **बजेट बाँडफाँड** | प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र खर्च योजना बनाई स्वीकृत गरी कार्यक्रम गर्ने । |
| **अपेक्षित उपलव्धी** | योगाभ्यासबाट हुने लाभका बिषयमा बहस पैरवी, गर्दै स्वास्थ्य हुन अभिप्रेरित हुने । |
| **अनुगमन, मुल्याङ्कन** | निर्देशनालय र सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |

| प्रतिवेदन प्रणाली | क्रियाकलाप सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन चौमासिक रुपमा स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ |
|---|---|

## १५. निशुल्क आयुर्वेद तथा वैकल्पिक चिकित्सा शिबिर २ पटक

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.७.२२.५१ | २२५२२ | २ | पटक | जिल्ला अनुसार | दोश्रो, तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | आयुर्वेद स्वास्थ्य संस्थाको पहुँच नपुगेका स्थानहरुमा आयुर्वेद चिकित्सा सेवा सम्वन्धि सचेतना र सेवा प्रवाह गर्ने । |
| सञ्चालन प्रक्रिया | १. जिल्ला भित्र रहेका सिमान्तकृत तथा पिछडिएका वर्गको पहिचान गर्ने ।<br>२. ती वर्गहरू वसोवास गर्ने स्थान छनौट गर्दा आर्यूरवेद स्वास्थ्य संस्था नभएको वडा, दुर्गम क्षेत्र, गरीब, दलित र पछाडी परेका समुदायको बाहुल्य भएको स्थानलाई प्राथमिकतामा राख्नु पर्नेछ ।<br>३. शिविरमा प्रदान गरीने सेवाहरुको प्याकेज तयार गर्ने, स्थानीय तह,वा कुनै संस्थाहरुको योगदान सुनिश्चित हुने भए सो प्याकेजमा विस्तार गर्न सकिनेछ ।<br>४. छनौट भएका वडा वा स्थानका स्थानीय तहसँग समन्वय गरी शिविर सञ्चालनका लागि मिति तय गर्ने।<br>५. मिति तय भए पश्चात स्थानीय तहसँग समन्वय गरी शिविरको प्रचार प्रसार गर्ने।<br>६. शिविरमा आर्यूर्वेदका प्रवर्धनात्मक, उपचारात्मक सेवा समावेश गरी कार्यक्रम सञ्चालन गर्ने।<br>७. स्वास्थ्य कार्यालयसंग संमन्वय गरी जनस्वास्थ्य अभियानसंग संयूक्तरुपमा कार्यक्रम संञ्चालन गर्न सकिनेछ ।<br>८. कार्यक्रमको प्रगती प्रतिवेदन तयार गर्ने । |
| बजेट बाँडफाँड | प्रचलित आर्थिक ऐन र नियमअनुसार बजेटको परिधिभित्र रहि पारिश्रमीक, दैनिक भ्रमण भत्ता, यातायात, खाजा, सामाग्री, ब्यानर र विविध आदिमा खर्च योजना तयार गरी अग्रिम स्वीकृत गराएर खर्च गर्ने व्यवस्था गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | स्वास्थ्य सेवाको पहुँच नभएको, सिमान्तकृत तथा पिछडिएका वडामा रहेका जनसमुदायले आयूर्वेद स्वास्थ्य सेवा प्राप्त गर्नेछन्। |
| अनुगमन, मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयल तथा स्वास्थ्य निर्देशनालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन चौमासिक रुपमा स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ |

## १६· जिल्ला स्तरीय योग तथा पंचकर्म हलको सवलीकरण (काभ्रे, सिन्धुपाल्चोक र दोलखा)

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.७.२२.५२ | २२५२२/२६ ४२२ | १ | पटक | जिल्ला अनुसार | दोश्रो |

| शीर्षक | विवरण |
|---|---|
| **पृष्ठभूमि** | विभिन्न जिल्लामा रहेका आयुर्वेद स्वास्थ्य केन्द्रका योग तथा पञ्चकर्म हलको अवस्था राम्रो नभएकाले गुणस्तरीय एवं प्रभावकारी सेवा प्रदान गर्नमा बाधा पुगिरहेको छ । तसर्थ, काभ्रे, सिन्धुपाल्चोक र दोलखामा रहेका आयुर्वेद स्वास्थ्य संस्थामा स्थित योग र पञ्चकर्म हललाई सुधार, मर्मत आदि गरी सबलीकरण गर्नु आवश्यक देखिएकोले यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | काभ्रे, सिन्धुपाल्चोक र दोलखामा रहेका आयुर्वेद स्वास्थ्य संस्थामा स्थित योग र पञ्चकर्म हल निर्माण, सुधार, मर्मत, आवश्यक सामाग्री खरीद आदि गरी सबलीकरण गर्ने । |
| **सञ्चालन प्रक्रिया** | १. आयुर्वेद संस्थाका कर्मचारीहरु बैठक बसेर योगहल र पञ्चकर्म हलको सवलीकरण गर्न आवश्यक कुराहरु पहिचान गरी योजना तयार गर्ने ।<br>२. आवश्यकता अनुसार कोठा निर्माण, रङरोगन, मर्मत आदि गर्ने ।<br>३. फर्निचर, योग म्याट, पञ्चकर्म उपकरणहरु, नेतीपट, साउण्ड सिस्टम, स्वास्थ्य प्रवर्धनका सामाग्रीहरु आदि आवश्यक औजार उपकरणहरु खरीद गर्ने ।<br>४. खरीद गरीएका सामाग्रीहरुको दाखिला गर्ने र सञ्चालनमा ल्याउने । |
| **बजेट बाँडफाँड** | स्वीकृत बजेटको परिधिभित्र रहि रकम बाडफाँड गरी कार्यालय प्रमुखबाट स्वीकृत गरी कार्यक्रम संचालन गर्ने। |
| **अपेक्षित उपलव्धी** | योग हल तथा पञ्चकर्म हलको सबलीकरण भई गुणस्तरीय तथा प्रभावकारी योग र पञ्चकर्म सेवा प्रवाह हुनाले जनमानसको आयुर्वेद सेवाप्रति विश्वास र उपभोग बढ्ने । |
| **अनुगमन, मुल्याङ्कन र सूचक** | १. सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयले सबलीकरण कार्य सम्पन्न प्रतिवेदन र त्यस पश्चात गुणस्तरियताको फिल्ड अनुगमनको आधारमा त्यस पश्चात सेवाको गुणस्तरियताको फिल्ड अनुगमनको आधारमा गर्नुपर्नेछ ।<br>२. औजार उपकरण दाखिला प्रतिवेदन, सेवाग्राहीको संख्या आदि |
| **प्रतिवेदन प्रणाली** | क्रियाकलाप सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन चौमासिक रुपमा स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ |

## १७· आयुर्वेद तथा वैकल्पिक चिकित्साका नीजी स्वास्थ्य संस्थाहरुको लगत तयार, अनुगमन, मूल्यांकन

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.८.१.१६ | २२६११ | २ | पटक | जिल्ला अनुसार | दोश्रो, तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | नीजि तथा गैरसरकारी आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य संस्थाको दर्ता, नवीकरण तथा सेवा प्रवाहको स्थिति तथा गुणस्तरीयता अनुगमन र पृष्ठपोषण गर्ने । |
| सञ्चालन प्रक्रिया | १. जिल्लाभित्र रहेका नीजि तथा गैरसरकारी आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य संस्थाको सूची तयार गर्ने ।सो को लागि स्थानीय एफ एम वा पत्रिकाबाट सूचना दिई आव्हान गर्ने ।<br>२. बजेटको परिधि भित्र रहेर अनुगमन योजना बनाउने ।<br>३. योजना अनुरुप प्राविधिक तथा प्रशासनिक व्यक्ति सम्मिलित टोली बनाई निरीक्षण, अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण गर्ने ।<br>४. प्रत्येक पटक अनुगमन गर्दा जुन संस्थामा अनुगमन गर्न गएको हो त्यहाको व्यबस्थापन/ सहयोग समिति र अन्य आवश्यक कर्मचारीहरुसँग बैठक बसी मापदण्ड, निति नियम बारे छलफल गर्ने ।<br>५. संस्थाको दर्ता नवीकरणको स्थिति, कार्यक्रमको सञ्चालन स्थिति एवं वाधाहरु, सेवाको प्रभावकारिता र गुणस्तरीयता लागि छलफल / अन्तरक्रिया गरी बैठकको माइनुटिङ्ग गर्ने ।<br>६. कार्यक्रम र सेवाको आवश्यकता अनुसार प्रशासनिक र आर्थिक विवरण संकलन गर्ने ।<br>७. यो खर्च शिर्षकबाट निर्देशनालयमा स्वास्थ्य संस्था दर्ता, नविकरणका लागि अनुगमनमा खटिने कर्मचारीको दै·भ्र· भत्ता भूक्तानी गर्न सकिनेछ ।<br>८. अनुगमन पश्चात प्रतिवेदन तयार गर्ने । |
| बजेट बाँडफाँड | भ्रमण खर्च नियमावली अनुसार कार्यालय प्रमुखलाई चौमासिक रुपमा टिप्पणी स्वीकृत गराई बुदा नं. ४, ५ र प्रतिवेदन प्रणाली वमोजिमको प्रतिवेदनको आधारमा मात्र भुक्तानी गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | नीजि तथा गैरसरकारी अस्पतालको सेवा प्रवाहको गुणस्तरीयता अनुगमन भई सेवा प्रभावमा प्रभावकारी हुने। |
| अनुगमन, मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मुल्यांकन गर्नुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन चौमासिक रुपमा स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ |
| सन्दर्भ सामाग्री | स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० |

## १८· जिल्लाबाट औषधालय निरीक्षण, अनुगमन तथा मूल्याङ्कन

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.८.१.१७ | २२६११ | २ | पटक | जिल्ला अनुसार | दोश्रो, तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | आयुर्वेद औषधालयको सेवा प्रवाहको स्थिति तथा गुणस्तरीयताको निरीक्षण, अनुगमन, प्राविधिक सहयोग र पृष्ठपोषण गर्ने । |

| | |
|---|---|
| **सञ्चालन प्रक्रिया** | १. बजेटको परिधि भित्र रहेर अनुगमन योजना बनाउने । <br>२. योजना अनुरुप प्राविधिक व्यक्ति सम्मिलित टोली बनाई निरीक्षण, अनुगमन, प्राविधिक सहयोग र पृष्ठपोषण गर्ने । <br>३. प्रत्येक पटक अनुगमन गर्दा जुन संस्थामा अनुगमन गर्न गएको हो त्यहाको व्यबस्थापन/ सहयोग समिति र अन्य आवश्यक कर्मचारीहरुसँग बैठक बसी सेवाको न्यूनतम मापदण्ड, गुणस्तरको बारे छलफल गर्ने । <br>४. संस्था, कार्यक्रमको सञ्चालन स्थिति एवं वाधाहरु, सेवाको प्रभावकारिता र गुणस्तरीयता लागि छलफल / अन्तरक्रिया गरी प्राविधिक सहयोग, सल्लाह दिने र बैठकको माइनुटिङ्ग गर्ने । <br>५. कार्यक्रम र सेवाको आयूर्वेद विभागबाट तयार गरीएको चेकलिष्ट अनुसार प्रशासनिक र आर्थिक विवरण संकलन गर्ने । <br>६. अनुगमन पश्चात प्रतिवेदन तयार गर्ने । <br>७. यो कार्यक्रमबाट मन्त्रालय, निर्देशनालयसंग समन्वय गर्दा लाग्ने दै·भ्र· भता खर्च गर्न सकिनेछ तर यसका लागि कूल बजेटको पच्चीस प्रतिशत भन्दा बढी हुनु हुदैन र मन्त्रालय वा निर्देशनालयबाट समर्थन हुनुपर्नेछ । |
| **अपेक्षित उपलव्धी** | भ्रमण खर्च नियमावली अनुसार कार्यालय प्रमुखलाई चौमासिक रुपमा टिप्पणी स्वीकृत गराई बुदा नं. ३, ४ र प्रतिवेदन प्रणाली वमोजिमको प्रतिवेदनको आधारमा मात्र भुक्तानी गर्नुपर्नेछ। |
| **अनुगमन, मुल्याङ्कन** | आयुर्वेद औषधालयबाट गुणस्तरीय सेवा प्रवाह गर्न प्राविधिक सहयोग हुने। |
| **प्रतिवेदन प्रणाली** | क्रियाकलाप सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन चौमासिक रुपमा स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ |

## १९· अति आवश्यक आयुर्वेद औषधि खरीद तथा ढुवानी) आयुर्वेद स्वास्थ्य केन्द्र / औषधालयका लागि

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| ७.२.९.५ | २७२१३ | १ | पटक | जिल्ला अनुसार | दोश्रो |

| **शीर्षक** | **विवरण** |
|---|---|
| **उद्देश्य** | गुणस्तरीय औषधी र स्वास्थ्य सामाग्रीको सहज तथा प्रभावकारी आपुर्ति सुनिश्चित गर्न । |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र/अंचल आयुर्वेद औषधालय । |
| **सञ्चालन प्रक्रिया** | १. स्थानीय रुपमा देखिने रोगहरूको प्राथमिकतानुसार निरन्तर व्यवस्था हुने गरी आवश्यक आयुर्वेद औषधि खरीद गरी निरन्तर प्रवाह गर्ने व्यवस्था मिलाउने । <br>२. आयुर्वेद स्वास्थ्य संस्थाहरुमा आउने रोगको प्राथमिकता निर्धारण गर्ने । प्राथमिकता निर्धारण गर्दा अघिल्लो बर्षको बिरामीको संख्या, रोगको प्रकोप, बजेट आदिलाई ध्यानमा राखि स्थानीय |

| | |
|---|---|
| | रुपमा प्राप्त वजेटलाई समेत परिचालन गर्ने ।<br>३. निःशुल्क आयुर्वेद स्वास्थ्य सेवाका लागि खरीद गर्ने औषधी तथा औषधिजन्य मालसामानको स्पेसीफिकेसन र ल.ई. तयार गर्ने ।<br>४. अत्यावश्यक आयुर्वेद औषधि खरीद गर्दा आयूर्वेद विभागले तोके अनुसार निःशुल्क बितरण गरीने औषधी खरीद गर्ने।<br>५. औषधिको गुणस्तर परिक्षण गरी वितरण लिस्ट बनाइ स्वास्थ्य संस्थामा वितरण गर्ने ।<br>६. अति आवश्यक औषधी खरीद गर्दा सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ को परिधी भित्र रहि साथै प्रदेस सरकारवाट बनेका वा बन्ने आर्थिक कार्यविधी ऐन तथा नियमावली समेतको परिधीमा रहि खरीद गर्नु पर्ने । |
| **अपेक्षित उपलव्धी** | आवश्यक सेवा र औषधीको नियमित उपलब्धता हुने । |
| **अनुगमन, मुल्याङ्कन र सूचक** | १. सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयले कार्यक्रम सम्पन्न प्रतिवेदन र फिल्ड अनुगमन<br>२. विरामी तथ्याङ्क, स्टोर दाखिला रिर्पोट तथा माँग फाराम, खरीद योजना |
| **प्रतिवेदन प्रणाली** | क्रियाकलाप सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन चौमासिक रुपमा स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ |

## २०? जि.आ.स्वा.के/अंचल आ.औ.मा जडिबुटीबाट चूर्ण औषधि निर्माण

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| ७.२.९.८ | **२७२१३** | २ | **पटक** | **जिल्ला अनुसार** | **दोश्रो,तेस्रो** |

| **शीर्षक** | **विवरण** |
|---|---|
| **पृष्ठभूमि** | आयुर्वेद स्वास्थ्य संस्थाद्धारा स्थानीय स्तरमा उपलब्ध हुने जडिवुटीको प्रयोग गरी औषधीको अभाव हुन नदिन र स्थानीय ताजा जडिवुटीको प्रयोगलाई वढावा दिन यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | स्थानीय स्तरमा उपलब्ध हुने जडिवुटीहरु प्रयोग गरेर चूर्ण औषधी निर्माण गरी वर्ष भरि निरन्तर उपयोग गरीने औषधीको उपलव्धता सुनिश्चित गरी जडिवुटीको प्रवर्धन गर्ने । |
| **सञ्चालन प्रक्रिया** | १. रोगको पहिचान भए अनुसार आवश्यक पर्ने चूर्ण औषधी निर्माणका लागी स्थानीय स्तरमा वढी मात्रामा उपलब्ध हुने जडिवुटीको सूची तयार गर्ने ।<br>२. छनौट गरीएका जडिवुटी स्थानीय दर रेट अनुसार खरीद गर्ने ।<br>३. आवश्यकता अनुसार चूर्ण औषधि निर्माण विधि अपनाइ प्याकेजिङ्ग र सरसफाइलाई ध्यानमा राखि एकल र मिश्रित चुर्ण औषधी निर्माण गर्ने । |

| | |
|---|---|
| | ४. चुर्ण औषधि निर्माण गर्ने जडिबुटी खरीद गर्नु परेमा सार्वजनिक खरीद ऐन २०६३ तथा सार्वजनिक खरीद नियमावली २०६४(संशोधित सहित) अनुसार गर्ने । |
| **अपेक्षित उपलव्धी** | स्थानीय स्तरमा उपलब्ध हुने जडिवुटीको पहिचान र समुचित प्रयोग हुने। |
| **अनुगमन, मुल्याङ्कन र सूचक** | १. सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयले कार्यक्रम सम्पन्न प्रतिवेदन र फिल्ड अनुगमनको आधारमा<br>२. चुर्ण औषधी निर्माण गरीएको परिमाण , दाखिला प्रतिवेदन |
| **प्रतिवेदन प्रणाली** | क्रियाकलाप सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन चौमासिक रुपमा स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ |
| **सन्दर्भ सामाग्री(भएमा)** | चूर्ण औषधी निर्माण निर्देशिका |

## २१· ट्राफिक प्रहरीलाई प्रदुषणबाट उत्पन्न स्वास्थ्य समस्या न्यूनीकरण (नर्श्यकर्म कार्यक्रम)

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | विनियोजित रकम (रु.हजारमा) | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|
| २.७.२२.४२ | २२५२२ | १ | जिल्ला अनुसार | दोस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **पृष्ठभूमि** | सवारी साधनले निकाल्ने धुँवा, सडकको धूलो र ध्वनी प्रदुषण आदि कारणले ट्राफिक व्यवस्थापनमा कार्यरत प्रहरीको स्वास्थ्यमा प्रतिकूल असर परीरहेको छ । प्रदुषणवाट सिर्जित समस्याहरु न्यूनिकरण तथा रोकथाम गर्न आयुर्वेद चिकित्साको महत्वपूर्ण पञ्चकर्म विधी (नस्य कर्म) कार्यक्रमका लागि रकम विनियोजन गरीएको हो । |
| **उद्देश्य** | ट्राफिक प्रहरीहरूलाई वायु प्रदुषणबाट उत्पन्न हुन सक्ने स्वास्थ्य समस्यावारे सचेतीकरण तथा रोकथाम का उपायहरुबारे जानकारी दिने। |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र/ अंचल आयुर्वेद औषधालय |
| **सञ्चालन प्रक्रिया** | १. स्थानीय तहका आयुर्वेद संस्थाहरू र ट्राफिक प्रहरी कार्यालयसँगको समन्वय र सहकार्यमा जिल्लाभित्रका अधिकतम वायु प्रदुषित स्थान छनौट गर्ने ।<br>२. पहिलो दिन आयुर्वेद तथा बैकल्पिक चिकित्साको परीचय, दोस्रो दिन योग र तेस्रो दिन नस्यकर्म लगायतका विषयहरुको सैद्वान्तिक सेसन तथा अभ्यास गराएर तीन दिने तालिम सञ्चालन गर्ने ।<br>३. सहभागीलाई मास्क, नेतीपट आदि दिन सकिनेछ ।<br>४. बजेटको परिधि भित्र रहेर २५ जना सहभागीको २ ब्याच सञ्चालन गर्न सकिनेछ । |

| | |
|---|---|
| **बजेट बाँडफाँड** | प्रदेश सरकार स्वीकृत बजेटको परिधिभित्र रहि रकम बाडफाँड गरी कार्यालय प्रमुखबाट स्वीकृत गरी कार्यक्रम संचालन गर्ने। सम्पूर्ण कार्यहरू आर्थिक ऐन तथा नियमावली र कार्यविधि बमोजिम गर्नुपर्ने छ । |
| **अपेक्षित उपलव्धी** | ट्राफिक प्रहरीहरूको स्वास्थ्य समस्याहरू रोकथाम तथा न्यूनीकरण भई वायु प्रदुषणजन्य समस्यामा कमी हुने । |
| **अनुगमन, मुल्याङ्कन र सूचक** | १. सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयले कार्यक्रम सम्पन्न प्रतिवेदन र फिल्ड अनुगमनको आधारमा<br>२. तालिम प्राप्त प्रहरीको संख्या, तालिमको ब्याच |
| **प्रतिवेदन प्रणाली** | कार्यक्रम समाप्ति पश्चात पन्ध्र दिन भित्र कार्यक्रम सम्पन्न प्रतिवेदन सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा अनिवार्य रूपमा पठाउनुपर्नेछ । |